क्व्होलासोथार गाउँसभामा सभाध्यक्ष श्री सूर्यप्रसाद गुरुङद्धारा प्रस्तुत

# आर्थिक वर्ष २०८३/८४ को

# वार्षिक नीति तथा कार्यक्रम

गाउँसभाका सदस्यज्यूहरु,

यस क्व्होलासोथार गाउँपालिका, गाउँसभाको २० औं अधिवेशनमा उपस्थित सम्पूर्ण गाउँ सभाका सदस्यहरुलाई हार्दिक स्वागत गर्दछु । निर्वाचनको वेला आ–आफ्नो अमुल्य मत दिई निर्वाचित गराउनु हुने सम्पूर्ण मतदाताहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यस महत्वपूर्ण अवसरमा इतिहासका विभिन्न कालखण्डहरुमा सामन्ती, निरकुंश, केन्द्रिकृत र एकात्मक शासन व्यवस्थाको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था र समावेशी राज्य व्यवस्था स्थापना गर्नका लागि भएका सवै आन्दोलन तथा संघर्षमा जीवन उत्सर्ग गर्नु हुने प्रातः स्मरणीय सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । सम्पूर्ण घाइते, बेपता, अपाङ्गता भएका व्यक्तिहरुलाई उच्च सम्मान व्यक्त गर्दछु साथै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

अब, म आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम सम्मानित गाउँसभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

गाउँसभाका सदस्यज्यूहरु,

यस वार्षिक नीति तथा कार्यक्रम तय गर्दा नेपालको संविधान, दिगो विकास लक्ष्य प्राप्तिको लागि नेपाल पक्ष राष्ट्र भई गरेका अन्तराष्ट्रिय प्रतिवद्धताहरु, सोह्रौ पञ्चवर्षिय योजना, गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षिय योजना, संघीय सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको नीति तथा कार्यक्रम, स्थानीय सरकार संचालन ऐन २०७४, गाउँपालिकाको विगतका नीति तथा कार्यक्रमहरु, गाउँपालिका आवधिक योजना, नागरिक तथा विभिन्न संघ संस्थाहरुबाट विभिन्न माध्यमबाट प्राप्त राय सल्लाह तथा सुझावहरु,

वडा वडाबाट प्राप्त राय, सुझाव तथा कार्यक्रमहरु, गाउँपालिकाको आन्तरिक श्रोत तथा साधनहरु, मतदाता समक्ष निर्वाचनको समयमा व्यक्त गरेका प्रतिवद्धताहरुलाई यस वार्षिक नीति तथा कार्यक्रम तय गर्दा मुख्य मार्गदर्शकको रुपमा आत्मसाथ गर्ने प्रयत्न गरेको छु । जनताका आवश्यकता र उपलव्ध स्रोत र साधन परिचालन क्षमताको आधारमा नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रयत्न गरेको छु । नेपालको संविधानको धारा २३२ को उपधारा १ बमोजिम संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तको भावना अनुसार अगाडि बढाउने प्रयास गरेको छु । नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, राजस्व बाँडफाँड बापत प्राप्त हुने अनुदान, समपूरक अनुदान, सशर्त अनुदान, आन्तरिक आय तथा अन्य अनुदानलाई समेत आधार मानी नीति तथा कार्यक्रम र वजेट विनियोजन गर्ने नीति लिएको छु ।

गाउँसभाका सदस्यज्यूहरु,

अव म यस सम्मानित गाँउ सभा समक्ष विषयगत/क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## अ. आर्थिक विकास क्षेत्र

### क) कृषि तथा पशुपन्छी विकास

१. कृषि तथा पशुपालन क्षेत्रको यान्त्रीकिकरण मार्फत कृषकहरुको आयस्तर वृद्धि गर्दै लगिनेछ ।

२. परम्परागत रैथाने वालीको संरक्षण र सम्बद्र्धनमा विशेष जोड दिइनेछ । रैथाने कृषि उत्पादन प्रवद्र्धन तथा बजारीकरणका लागि कृषि उपज संकलन केन्द्रलाई व्यवस्थित गर्दै लगिनेछ ।

३. प्रतिकुल मौषमबाट बाली संरक्षण गरी तरकारी उत्पादन बृद्धि गर्न आवश्यकता र प्राथमिकताको आधारमा किसानहरुलाई अनुदानमा प्लाष्टिक टनेल वितरण गरिनेछ ।

४. कृषक,कृषि तथा पशुपंन्छी फर्महरुको लागि अनुदानको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

५. कृषि उपजको क्षतिको जोखिम न्यूनीकरण गर्न कृषि तथा पशुपन्छी वीमा गर्न कृषकहरुलाई जनचेतना अभिबृद्धि गरिनेछ ।

६. खेती योग्य बाँझो जमिन उपयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

७. धान, आलु, मौसमी/बेमौसमी तरकारी बालीका गुणस्तरीय विउ—विजन तथा फलफुलको विरुवा अनुदानमा वितरण गरी किसानहरुको उत्पादन र उत्पादकत्व बृद्धिमा जोड दिइनेछ ।

८. कृषि यान्त्रिकरण मर्मत सम्भार तथा एकिकृत शत्रुजित व्यवस्थापन (क्ष्एः० तालिम संचालन गरी कृषकहरुको प्राविधिक क्षमता अभिबृद्धि गरिनेछ ।

९. कृषकहरुको आर्थिक उत्थानको लागि मौरीको पकेट विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०. माटो परिक्षण गरी सन्तुलित मल प्रयोग गरी किसानहरुको उत्पादन र उत्पादकत्व बृद्धि गरिनेछ ।

११. प्राकृतिक रूपमा पाइने जडिवुटीको संरक्षण र सम्बद्र्धन गर्नको लागि सम्वन्धित निकायसँगको समन्वयमा अगाडि बढिनेछ ।

१२. किसानहरुले गाउँपालिका भित्र उत्पादन गर्ने नगदे बालीहरुको े प्रवद्र्धन र विस्तार गर्दै लगिनेछ ।

१३. किसानहरुको बालीमा लाग्ने आकस्मिक रोग तथा किराहरुको व्यवस्थापनमा जोड दिईनेछ ।

१४. किसानहरुको उत्पादन र उत्पादकत्व बृद्धि गर्न एक वडा एक उत्पादन कार्यक्रमलाई अगाडि बढाइनेछ ।

१५. उत्पादन बृद्धि, गुणस्तर सुधार तथा जलस्रोत संरक्षणको लागि थोपा सिंचाई प्रविधिको प्रयोग गरिनेछ ।

१६. पशुपालक कृषकहरुको आवश्यकता अनुसार पशुपन्छी उपचार तथा परामर्श सेवा र आधारभूत भेटेरिनरी प्रयोगशाला व्यवस्थापन जस्ता कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१७. परम्परागत घुम्ती गोठहरु (स्थानीय जातका गाई, भैसी, भेडा बाख्रा) को संरक्षण र सम्बद्र्धनका लागि घुम्ति गोठ प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

१८.	भौगोलिक वातावरण अनुसार हरियो घाँसको व्यवस्थापन गर्न उन्नत जातका भुई तथा डाले घाँस उत्पादनमा जोड दिईनेछ ।

१९.	पशुपन्छीबाट मानिसमा सर्न सक्ने जुनोटिक रोगहरु (रेविज, वर्ड फ्लू, कोरोना) सम्बन्धी सचेतनामुलक कार्यक्रम विद्यालयहरुमा संचालन गरिनेछ ।

२०.	किसानको आवश्यकता अनुसार कृत्रिम गर्भाधान मिसन कार्यक्रम मार्फत गाई भैंसीको नश्ल सुधार गरी उत्पादन र उत्पादकत्व बृद्धि गरिनेछ ।

२१.	सामुदायिक तथा घरपालुवा कुकुरमा रेविज बिरुद्धको खोप तथा स्थायी बन्ध्याकरण शिविर सञ्चालन गरिनेछ । पशुहरुमा लाग्ने संक्रात्मक रोगहरु विरुद्धको खोप कार्यक्रम संचालन गरिनेछ ।

२२.	चाडपर्व लक्षित स्थानिय कृषि तथा पशुपन्छी हाटबजार सञ्चालन गरिनेछ ।

२३.	पशुपन्छी महामारी/आकस्मिक रोगहरु देखा परेमा नियन्त्रणको लागि आवश्यक पहल गरिनेछ ।

२४.	यान्त्रीकिकरण र तालिमको माध्यमबाट पशुपन्छी पालक कृषकहरुको उत्पादन र उत्पादकत्व बृद्धि गरिनेछ ।

२५.	पशु स्वास्थ्य सेवा व्यवस्थापनको लागि घुम्ती पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

२६.	घुम्ती गोठहरुलाई पर्यटनसँग जोड्नका लागि गोठ—स्टे अवधारणालाई अगाडि बढाइने नीति अवलम्वन गरिनेछ । किसानहरुको राय, सुझाव, सल्लाह, गुनासो संकलन गरिनेछ ।

**ख) उद्योग, वाणिज्य तथा व्यापार**

२७.	प्रारम्भिक वातावरणीय मूल्यांकन प्रतिवेदन ९क्ष्भ्भ्० तयार पश्चात नदीजन्य पदार्थ ढुङ्गा, गिटी तथा वालुवाको स्रोतको उत्खनन र निकासी गर्ने व्यवस्था मिलाइनेछ ।

२८.	आन्तरिक आयको थप क्षेत्रहरुको पहिचान गरी आन्तरिक आय बढाउने नीति अवलम्वन गरिनेछ ।

२९.	गाउँपालिका भित्र सञ्चालनमा रहेका किराना पसल र अन्य व्यवसायहरुलाई दर्ता एवं नवीकरणको दायरामा ल्याईनेछ ।

३०.	गाउँपालिकामा दर्ता भएका सम्पूर्ण व्यवसायको विवरण अध्यावधिक गरिनेछ ।

३१. दलित र फरक क्षमता भएका व्यक्तिहरुलाई कुनै पनि व्यवसाय संचालनका लागि प्रोत्साहन गर्न दर्ता शुल्क निःशुल्क गरिनेछ ।

३२. वैदेशिक रोजगारीबाट फर्कि आएका युवा जनशक्तिहरुको ज्ञान तथा सिपको पहिचान गरि गाउँपालिका भित्र व्यवसाय संचालन गर्नका लागि प्रोत्साहन गरिनेछ ।

३३. समाजमा परापूर्वकालदेखि संचालन गर्दै आएका पेशाहरुलाई संरक्षण एवं सम्बद्र्धन गर्दै लगिनेछ ।

३४. ऐतिहासिक, धार्मिक एवं साँस्कृतिक सम्पदाहरुको समयानुकुल संरक्षण र सम्बद्र्धन गर्दै लगिनेछ ।

३५. सरोकारवाला निकायहरुको समन्वय र सहभागितामा अनुगमन समितिबाट नियमित रुपमा बजार अनुगमन गरिनेछ ।

**ग) पर्यटन विकास क्षेत्र**

३६. आवश्यक पर्यटन पूर्वाधारहरुको निर्माण मार्फत पर्यटनमैत्री वातावरण निर्माण गर्दै लगिनेछ ।

३७. स्मार्ट भिलेज, सुखी गाउँ ग्रामिण पर्यटनको सूत्रधार घलेगाउँमा निर्मित घलेगाउँ बहुसाँस्कृतिक पर्यटन सभाहल निर्माण गरिनेछ ।

३८. ग्रामीण पर्यटन प्रवद्र्धन गर्न क्व्होम्रे डाँडा पलेप्रो रगु पदमार्ग, भुजुङ पदमार्ग, कयौ झरना पदमार्ग, गिलुङ गुरुङ भवन तथा संग्रहालय निर्माण गरिनेछ ।

३९. सुलिकोट र कर्पु डाँडामा पर्यटन प्रवद्र्धनको लागि सम्वन्धित निकायसँग आवश्यक पहल गरिनेछ ।

४०. पर्यटनलाई थप प्रवद्र्धन गर्नका लागि भीर मह शिकारलाई संरक्षण र सम्बद्र्धन गर्ने नीति अवलम्वन गरिनेछ ।

४१. पर्यटन प्रवद्र्धनको लागि पर्यटकिय पदमार्ग अध्ययन, अनुसन्धान अन्वेषण, अवलोकन एवम विस्तार को लागि पहल गरिनेछ ।

४२. ऐतिहासिक एवं धार्मिक महत्व रहेको तिजे ताल संरक्षण एवं सम्बद्र्धन गरिनेछ ।

४३. होम स्टे (घरबास) कार्यक्रमसँग सम्बन्धित आवश्यक सामाग्रीहरु जस्तै बुलेटिन, हाते पुस्तिका, पोष्टरहरु प्रकाशन गरी थप प्रवद्र्धन गरिनेछ । विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग पर्यटन प्रवद्र्धन सम्बन्धमा समन्वय एवं सहकार्य गरिनेछ ।

## घ) भाषा, कला र संस्कृति क्षेत्र

४४. गाउँपालिकाको ऐतिहासिक, धार्मिक एवं साँस्कृतिक महत्वका थलोहरुको संरक्षण र सम्बद्र्धनमा जोड दिदै लगिनेछ ।

४५. गाउँपालिकामा रहेका मठ मन्दिर, गुम्वा, क्व्होइवो धिं, चर्च, संग्रहालय, धर्मशाला, चिहानघाट आदिको निर्माण, मर्मत/सम्भार, सम्बद्र्धन आवश्यकता अनुसार गर्दै लगिनेछ । कर्म म्हिग्युर लिङ गुम्वा, बुद्ध हरित पार्क निर्माण गर्दै लगिनेछ ।

४६. स्थानीय रुपमा रहेका परम्परागत भेषभुषा, कला संस्कृति, उत्पादनको संरक्षण, सम्बद्र्धन एवं प्रचार प्रसारको लागि विभिन्न मेला/महोत्सवहरुको आयोजना गरिनेछ । गाउँपालिकामा कला संस्कृतिको विकास, संरक्षण र सम्वर्धनको लागि कलाकृति प्रतियोगिता गरिनेछ । स्थानीय लोपोन्मुख कला, भाषा, संस्कृति, पुरातात्विक सँम्पदाहरुको संरक्षण र सम्वद्र्धनमा जोड दिइनेछ ।

## ङ) गरिवी निवारण, सहकारी तथा रोजगार

४७. गाउँपालिकामा रहेको सहकारी संस्थाहरुको अनुगमन र नियमन गरिनेछ ।

४८. रोजगार, सीप तथा उद्यमशीलताको एकिकृत सेवा प्रवाह सुनिश्चित गर्न रोजगार सेवा केन्द्रलाई रोजगार, सीप तथा उद्यमशीलता केन्द्रको रुपमा रुपान्तर गरी प्रभावकारी ढंगले संचालन गरिनेछ ।

४९. श्रम स्वीकृत प्राप्त गरी बैदेशिक रोजगारमा गएका श्रमिक तथा उनीहरुका परिवारले प्राप्त गर्ने विभिन्न कल्याणकारी सेवाहरु जस्तै उद्धार, खोजतलास, शव व्यवस्थापन, आर्थिक सहायता तथा बैदेशिक रोजगारीका क्रममा अभिभावक गुमाएका बालबालिकाका लागि सन्तति छात्रबृत्ति लगायतका सेवाहरुमा पहुच सुनिश्चित गर्न आवश्यक सहजीकरण गरिनेछ ।

५०. लघु घरेलु उद्यम मार्फत स्थानीय स्रोत साधनको भरपुर प्रयोग गरी उघमीहरुको उघमशिलताको विकास गरिनेछ ।

५१. स्थानीय स्तरमा रहेका लघु उघमीहरुलाई प्राविधिक सीप तालिम सहितको सामुहिक रुपमा प्रविधि हस्तान्तरण गरिनेछ ।

५२.	लघु उद्यमीहरुको आय आर्जन बृद्धिको स्तरोन्नति, पुर्नताजगी तालिम संचालन गरिनेछ ।

५३.	एकिकृत श्रम तथा रोजगार सेवा, रोजगार संवाद मञ्च र श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५४.	सुरक्षित आप्रवासन (क्बःष्) कार्यक्रम अन्तर्गत आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई सुरक्षित बैदेशिक रोजगार सम्वन्धी सूचना प्रवाह, सीप अभिबृद्धि, न्यायमा पहुच बृद्धि, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता लगायतका अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

५५.	श्रम बजारको माग अनुसार युवाहरुलाई गुणस्तरीय सीपमुलक तालिम प्रदान गरिनेछ ।

५६.	गाउँपालिका भित्र रहेका रोजगार, सीप तथा उद्यमशीलता केन्द्रलाई सूचना बैक र रोजगार अभिलेख केन्द्रको रुपमा समेत व्यवस्थापन गरिनेछ ।

५७.	बैदेशिक रोजगारी सम्बन्धी अभिमुखिकरण तथा सूचना प्रवाह कार्यक्रम संचालन गरिनेछ ।

## आ .	सामाजिक विकास क्षेत्र

### क. शिक्षा, युवा तथा खेलकुद विकास

५८.	सामुदायिक विद्यालयहरुमा भर्चुअल शिक्षण विधिका लागि आवश्यक सामाग्री खरीद गरी प्रविधिमैत्री पठनपाठनको व्यवस्थापन गरी शैक्षिक गुणस्तर सुधार गरिनेछ ।

५९.	सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा एकरुपता कायम गर्नका लागि गाउँपालिका स्तरीय परीक्षा प्रणालीलाई निरन्तरता दिइनेछ ।

६०.	आगामी आर्थिक बर्षका लागि वालविकास शिक्षक, विद्यालय कर्मचारी र विद्यालय सहयोगी कर्मचारीहरुको लागि योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६१.	सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिबृद्धि र नियमितताको लागि अनुगमन तथा निरीक्षणलाई तिव्रता दिइनेछ ।

६२.	सबै सामुदायिक विद्यालयहरुमा ई—हाजिरीलाई थप व्यवस्थित बनाइनेछ ।

६३. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षकहरुको क्षमता विकास कार्यक्रम र अभिभावक शिक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६४. माध्यमिक विद्यालयहरुमा अध्ययनरत विदयार्थीहरुको स्वःआर्जनका लागि सिक्दै कमाउदै(Learning by Earning) कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६५. आधारभूत तहसम्म विद्यार्थीहरुले विदयालय छोड्ने दर (Drop Out Rate) शुन्य बनाउन आवश्यक पहल गरिनेछ ।

६६. शिक्षा क्षेत्रसँग सरोकार राख्ने संघ संस्थाहरुसँग सहकार्य गर्ने नीति अवलम्वन गरिनेछ ।

६७. गरिब तथा जेहेन्दार र उत्कृष्ट अंक ल्याउने सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई माध्यमिक तथा उच्च शिक्षा अध्ययनका लागि संचालित छात्रवृति कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६८. सामुदायिक विद्यालयमा अध्ययनरत वालबालिकाहरुलाई विद्यालयमा नै मासिक रुपमा स्वास्थ्य जाँच गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

६९. सामुदायिक विद्यालयको आधारभूत (कक्षा १—५) मा संचालन भएको निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगलाई थप सुदृढीकरण गर्दै लगिनेछ ।

७०. गाउँ शिक्षा योजनालाई कार्यान्वयनमा ल्याइनेछ ।

७१. विद्यालयमा अध्ययनरत छात्राहरुको लागि गुणस्तरिय निशुल्क स्यानिटरी प्याडको नियमित र भरपर्दो वितरण प्रणालीको व्यवस्था गरिनेछ ।

७२. सामुदायिक विद्यालहरुमा स्यानिटरी प्याड डिस्पोजल मेसिनको थप व्यवस्था गर्दै लगिनेछ ।

७३. सामुदायिक विदयालयमा अंग्रेजी,गणित र विज्ञान विषयको सिकाई उपलव्धी सुधारका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

७४. युवाहरुको खेलकुदको विकास र प्रवद्र्धनको लागि गाउँपालिका स्तरीय अध्यक्ष कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिईनेछ ।

७५. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई गाउँपालिका स्तरमा संचालन गरिनेछ साथै प्रतियोगितामा उत्कृष्ट विद्यार्थीहरुलाई जिल्ला र प्रदेशस्तरमा सहभागी समेत गराईनेछ ।

## ख) स्वास्थ्य

७६. सार्वजनिक विद्यालयहरुमा अध्ययनरत कक्षा (१‘५) विद्यार्थीहरुको लागि दिवा खाजाको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

७७. समुदाय स्तरमा नसर्ने रोगहरुको समयमै पहिचान तथा नियन्त्रण गर्ने उदेस्यले बृहत स्वास्थ्य परिक्षण कायक्रम संचालन गरिनेछ । उक्त कार्यक्रममार्फत उच्च रक्तचात, मधुमेह, मृगैला रोग, मुटुरोग लगायतका नसर्ने रोगहरुको प्रारम्भिक चरणमै पहिचान गरी आव्रश्यक परामर्श, उपचार तथा निःशुल्क औषधि वितरणको व्यवस्था गरिनेछ ।

७८. मालिङ प्राथमिक अस्तपालमा प्र्रयोगशाला (LAB) स्थापना गरी गुणस्तरीय निदान सेवा सञ्चालन गरिनेछ ।

७९. गाउँपालिका भित्र बसोवास गर्ने नागरिकहरुको स्वास्थ्यलाई मध्यनजर गरी आवश्यकता अनुसार विभिन्न निकायहरुसँग समन्वय गरी विशेषज्ञ टोली सहितको विशेष निःशुल्क स्वास्थ्य शिविर संचालन गरिनेछ ।

८०. साल्मेभञ्ज्याङ स्वास्थ्य चौकीमा संचालित आधारभूत प्रयोगशाला (Basic Lab) सेवा र चिकित्सकीय सेवालाई निरन्तरता दिइनेछ ।

८१. स्वास्थ्य संस्था, विद्यालय, कार्यालय जस्ता सार्वजनिक स्थलहरुमा धुम्रपान, मद्यपान र लागुऔषध प्रयोगलाई निषेध गरिनेछ ।

८२. गाउँपालिका भित्रका सुनौलो हजार दिनका आमाहरुलाई पोषणयुक्त आहार वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८३. गाउँपालिकामा पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८४. बिरामीहरूलाई अस्पतालसम्म पु¥यायनको लागि २४ सै घण्टा एम्वुलेन्स सेवा प्रदान गरिनेछ ।

८५. ८० वर्ष माथिका ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई मासिक रुपमा घरदैलोमा पुगेर स्वास्थ्य परीक्षण, आवश्यक परामर्श, आधारभूत उपचार तथा निशुल्क औषधि उपलव्ध गरिनेछ ।

८६. गर्भवती महिलाहरुलाई तालिम प्राप्त स्वास्थ्यकर्मीहरुद्वारा घुम्ती शिविर मार्फत निःशुल्क भिडियो एक्स—रे सेवालाई निरन्तरता दिइनेछ ।

८७. महामारी जन्य रोगहरु व्यवस्थापन तथा नियन्त्रण गर्नका लागि द्रुत प्रतिकार्य टोली -Rapid Response Team लाई सक्रिय बनाइनेछ ।

८८. मुटु रोग, मृगौला रोग, क्यान्सर रोग, अल्जाईमर्स, पार्किन्सन रोग, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सिकेल सेल एनिमिया, थाइराइड रोग जस्ता कडा रोग लागेका व्यक्तिहरुको लागि दिइदै आएको आर्थिक सहयोगलाई निरन्तरता गर्दै लगिनेछ ।

८९. प्रदेश अस्पताल लमजुङसँग सम्झौता गरी टेलिमेडिसिन सेवा कार्यक्रमलाई कार्यान्वयनमा ल्याइनेछ ।

९०. गाउँपालिकामा क्षयरोगका जोखिम समूह तथा स्वास्थ्य सेवाको पहुच कम भएका समुदायमा सकृय क्षयरोग खोजपड्ताल कार्यत्रम संचालन गरिनेछ ।

९१. गाउँपालिकामा मानसिक स्वास्थ्य प्रवद्र्धन तथा आत्महत्या सम्वन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

९२. गाउँपालिकाका सम्पुर्ण बर्थिङ सेन्टरहरुमा २४ सै घण्टा सेवा प्रवाहका लागि (सोलार व्याकअप) को व्यवस्थालाई भरपर्दो बनाइनेछ ।

९३. Art Therapy (एच.आइ.भि.संक्रमित) व्यक्तिहरुलाई दिइदै आएको यातायात खर्चलाई निरन्तरता दिइनेछ ।

९४. गाउँपालिका अन्तर्गतका वर्थिङ सेन्टरहरुमा सुत्केरी हुने सुत्केरी आमाहरुलाई गाउँपालिकाको कोसेली भेट कार्यक्रम सञ्चालन गरिनेछ ।

९५. म स्वास्थ्य, मेरो समुदाय स्वास्थ्य, घर टोलमा स्वास्थ्य प्रवद्र्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९६. गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य चौकीहरुलाई आवश्यक निशुल्क औषधिको व्यवस्था मिलाइनेछ ।

९७. डेंगी, औलो, कालाजार, हाती पाइले रोग तथा अन्य कीटजन्य रोगहरुको रोकथाम तथा नियन्त्रण केन्द्रित क्रियाकलाप संचालन गरिनेछ ।

९८. स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

९९. स्वास्थ्य संस्थाहरुमा स्वास्थ्यकर्मीहरुलाई CMIMNCI Online Coaching कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१००. स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुको लागि PAMS V2 सम्वन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

१०१. मातृ तथा नवशिशु कार्यक्रम संचालन गरिनेछ ।

१०२. आर्युवेद स्वास्थ्य सेवा प्रवद्र्धनको लागि नागरिक आरोग्य सेवा केन्द्रलाई व्यवस्थित गर्दै लगिनेछ ।

**ग) दलित, महिला, वालवालिका तथा सामाजिक सुरक्षा**

१०३. महिला, फरक क्षमता भएका र किशोरीहरुको लागि सचेतना, आय आर्जन कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०४. सामाजिक सुरक्षाको दायरालाई फराकिलो बनाउदै कार्यविधि बमोजिम ६१ बर्ष देखी ७० बर्ष उमेर समूहका एकल पुरुष भत्तालाई निरन्तरता दिइनेछ ।

१०५. वालविवाह, वहुविवाह, वालश्रम तथा महिला हिंसाजन्य कार्यलाई न्यूनिकरण गर्नका लागि जनचेतना मूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१०६. प्रशासकीय भवनमा रहेको स्तनपान कक्षलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

१०७. सामाजिक सुरक्षा भत्तालाई वडा—वडामा वितरण गर्ने कार्यलाई बैकसँगको समन्वयमा निरन्तरता दिइनेछ ।

१०८. वालमैत्री, पोषणमैत्री वडा घोषणा कार्यक्रम घोषणा गर्ने नीतिलाई अवलम्वन गरिनेछ ।

१०९. गाउँपालिका स्तरीय वाल अधिकार समिती पुर्नगठन गरी क्रियाशील बनाउँदै एकीकृत वालसंरक्षण पद्धतिको विकास गरिनेछ ।

११०. दुव्र्यवहारमा परेका, बाबु आमा गुमाएका, फरक क्षमता भएका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, द्वन्द, हिंसा, असहाय वालवालिकाको शिक्षा, स्वास्थ्य, संरक्षणमा विशेष कार्यक्रम संचालन गरिनेछ ।

१११. जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्तिहरुलाई गरिदै आएको सम्मान एवं सशक्तिकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११२. सार्वजनिक जग्गाको संरक्षण, भुमिहिन र अव्यवस्थित बसोबास, आवास विहिनहरुलाई व्यवस्थित गर्नका लागि संघ र प्रदेशसँग आवश्यक समन्वय गरिनेछ ।

## घ) खानेपानी तथा सरसफाई

११३. स्थानीय परम्परागत धार्मिक एवं ऐतिहासिक मुल, कुवा, ढुङ्गेधारा एवं पोखरीहरुको संरक्षण तथा सम्वद्र्धन गर्दै लगिनेछ ।

११४. क्व्होलासोथार बृहत खानेपानीलाई आयोजनालाई थप व्यवस्थित बनाइनेछ । एक घर एक धारा कार्यक्रम सम्पन्न हुन बाँकी रहेका स्थानमा कार्यक्रम अगाडि बढाइनेछ ।

११५. गाँउपालिकाको केन्द्रमा फोहोर व्यवस्थापनको लागि उपयुक्त स्थानको पहिचान गरी आवश्यक संरचनाको निर्माण प्रक्रिया अगाडि बढाइनेछ ।

११६. आवश्यकता अनुसार उपयुक्त स्थानमा सार्वजनिक शौचालयको व्यवस्था गर्दै लागिनेछ ।

११७. सामुदायिक विद्यालय तथा समुदायमा कानूनी सचेतना विस्तार कार्यक्रम संचालन गरिनेछ ।

११८. न्यायिक समितिको कार्य सम्पादन प्रकृयालाई प्रभावकारी बनाउनको लागि जनप्रतिनिधिहरु र सूचीकृत मेलमिलापकर्ताहरुलाई न्यायिक ज्ञान, सीप अभिवृद्धिका लागि कानूनी साक्षरता कार्यक्रम संचालन गरिनेछ ।

## आ. पूर्वाधार विकास क्षेत्र

### क) सडक

११९. गाउँपालिकाको केन्द्र र विभिन्न वडाहरुलाई जोड्ने सडकहरुलाई संघ, प्रदेश र स्थानीय तहको लगानीमा स्तरोन्नति गर्दै लगिनेछ । तोरीवारी बगुम मोटरबाटो, डडुवा साल्मेभन्ज्याङ सडक, साल्मेभन्ज्याङ घाम्राङ मोटर बाटो, घाम्राङ पसगाउँ मोटर बाटो, बगैचा पसगाउँ सिङ्दी मोटर बाटो, रोजा मोटर बाटो, नजरे–कपुर गाउँ मोटर बाटो, झिमुडाँडा पुर्कोडाँडा मोटर सडक निर्माण कार्य लाई स्तरोन्नति गर्दै लगिनेछ ।

१२०. क्व्होलासोथार गाउँपालिका केन्द्र मालिङ'डाँडागाउँ आन्तरिक सडक स्तरोन्नति गरिनेछ ।

१२१. भोजे कृषि सडकलाई अगाडि बढाउदै लगिनेछ ।

१२२. करापुटार डडुवा साल्मेभन्ज्याङ मालिङ कपुरगाउँ सडक खण्डलाई स्तरोन्नति गर्दै लगिनेछ ।

१२३. बेशीशहर, पुमाभिर, बाग्लुङपानी, घलेगाँउ, भुजुङ मोटर बाटोलाई प्रदेश सरकारसँग समन्वय गरी स्तरोन्नति एवम् कालोपत्रे गर्दै लगिनेछ ।

१२४. बेशीशहर बाग्लुङपानी घलेगाउँ सडक पुमाभिर बाग्लुङपानी खण्डलाई स्तरोन्नति गर्दै लगिनेछ ।

१२५. अन्तर जिल्ला तथा अन्तर स्थानीय तह जोड्ने सडक खण्डहरुलाई संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारसँग सहकार्य र समन्वय गरिनेछ ।

१२६. बालुवावेसी देखि चिम्म्रो ससम्रो, भोजे चोकदेखि कुम्लुङ आलेचोक सम्मको सडकको स्तरोन्नती गरिनेछ ।

१२७. जे.सि.भि.एवम् स्थानीय बाटो हेरालुको व्यवस्था मार्फत गाउँपालिकाका आन्तरिक सडकहरुमा बाह्रै महिना सहज र सरल तरिकाले यातायात सञ्चालन गरिनेछ ।

## ख) मोटरेवल पुल

१२८. क्व्होलासोथार गा.पा. वडा नं. ६ मा निर्माणधिन काम्रो खोला र लम्क्यू खोला मोटरेवल पुलको निर्माण कार्यलाई पूर्णता दिईनेछ ।

१२९. ग्रामिण पर्यटकीय गाउँ भुजुङ र कमा गाउँ जोड्ने मिदिमखोला वेलीव्रिज पुल निर्माण कार्यलाई अगाडि बढाईनेछ ।

१३०. क्व्होलासोथार गाउँपालिका वडा नं. ७ लमजुङ र मादी गाउँपालिका वडा नं. ८ कास्की जोड्ने रुदीखोलामा निर्माणाधिन बालुवावेसी मोटरेवल पुल निर्माण कार्यलाई सम्वन्धित निकायसँग आवश्यक पहल र समन्वय गरि तीव्रता दिईनेछ ।

१३१. क्व्होलासोथार गाउँपालिकाको मिदिमखोला, रुदी खोला एवं अन्य खोलाहरुमा आवश्यकता अनुसार मोटरेवल पुल निर्माणको लागि संघीय सरकार एवं प्रदेश सरकारसँग आवश्यक समन्वय र पहल गरिनेछ ।

१३२. निर्माण सम्पन्न भई संचालनमा रहेको क्व्होलासोथार गाउँपालिका वडा नं ८ र वडा नं. २ जोड्ने मिदिमखोला मोटरेवल पुल र क्व्होलासोथार गाउँपालिका लमजुङलाई मादी गाउँपालिका कास्कीसँग जोड्ने रुदीखोला मोटरेवल पुलको संरक्षण एवं सम्वद्र्धन गरिनेछ ।

१३३.	क्व्होलासोथार गा.पा. वडा नं. ९ लमजुङ र मध्यनेपाल न.पा. वडा नं. ८ लमजुङ जोड्ने पन्द्र खोला मोटरेवल पुल निर्माणको लागि सम्वन्धित निकायमा आवश्यक समन्.वय र पहल गरिनेछ ।

**ग) झोलुङ्गे पुल**

१३४.	निर्माण सम्पन्न भई संचालनमा आएको सम्पूर्ण झोलुङ्गे पुलहरुको झोलुङ्गे पुल हेरालु मार्फत संरक्षण एवं सम्वद्र्ध गरिनेछ ।

१३५.	क्व्होलासोथार गाउँपालिका लमजुङ र मादी गाउँपालिका कास्की जोड्ने सिमार चालिसे रुदीखोला झोलुङ्गे पुल निर्माण गरिनेछ ।

१३६.	गाउँपालिकाको आवश्यक स्थानहरुमा थप झोलुङ्गे पुलको निर्माण गर्दै जाने नीति अवलम्वन गरिनेछ ।

**घ) विद्युत तथा उर्जा**

१३७.	विद्युत सेवालाई भरपर्दो र विश्वसनिय बनाउनको लागि नेपाल विद्युत प्राधिकरणको केन्द्रिय प्रसारण लाइनमा विद्युत जोड्ने नीति अनुसार पाँचगाउँ विद्युत उपभोक्ता संघबाट प्रसारित विद्युतीकरण, पसगाउँ लघु जलविद्युत आयोजना उपभोक्ता समिति र सिङ्दी टोखा खोला.जलविद्युत आयोजनालाई नेपाल विद्युत प्राधिकरणसँग आवद्ध गर्न समन्वय, सहजीकरण र सहयोग गरिनेछ ।

१३८.	गाउँपालिका अन्तर्गत विद्युत सेवाबाट बञ्चित छिटपुट घर/गोठहरुमा बैकल्पिक उर्जा जडान कार्यक्रमलाई निरन्तरता गरिनेछ ।

१३९.	“जलविद्युतको आम्दानी, नागरिकहरुमा लगानी” गाउँपालिका भित्र नेपाल विद्युत प्राधिकरण अन्तर्गत ग्राहस्थ विद्युत सेवा लाभग्राहीहरुको २० युनिट वा सो भन्दा कम विद्युत खपतमा लाग्ने सम्पूर्ण महसुलमा निःशर्त अनुदान दिईनेछ । साथै पाँचगाउँ विद्युत उपभोक्ता संघबाट प्रसारित विद्युतीकरण, पसगाउँ लघु जलविद्युत योजना उपभोक्ता समिति र सिङ्दी टोखा खोला.जलविद्युत आयोजनाबाट प्रसारित विद्युत सेवा लाभग्राहीहरुले समितीमा न्यूनतम रुपमा तिर्दै आएको विद्युत महसुल शुल्कमा समेत निःशर्त अनुदान दिईनेछ ।

१४०. गाउँपालिका भित्र निर्माणाधिन अवस्थामा रहेको जलविद्युत विभिन्न जलविद्युत आयोजनाहरुलाई यथाशिघ्र सम्पन्न गराउनका लागि आवश्यक समन्वय गरिनेछ साथै स्थानीय जलविद्युत आयोजनाहरुमा शेयर लगानीका लागि गाउँपालिकावासीलाई प्रोत्साहित गरिनेछ ।

१४१. गाउँ वस्ती माथि जडान भएका बिजुलीको नाङ्गो तारबाट बस्तीहरुमा जोखिम निम्तिने हुँदा नाङ्गो तार विस्थापित गरी कालो तार जडानका गर्न नेपाल विद्युत प्रधिकरणसँग आवश्यक समन्वय र पहल गरिनेछ ।

## ङ) सामुदायिक भवन

१४२. आवश्यकता र औचित्यताको आधारमा सामुदायिक भवन, आमा समूह भवन निर्माण तथा मर्मत/सम्भार गर्दै लगिनेछ ।

१४३. प्रशासकिय भवनको आन्तरिक व्यवस्थापनमा जोड दिइनेछ । नयाँ निर्माण हुने भौतिक संरचनाहरुमा सूचना प्रविधिमैत्री, अपाङ्गमैत्री, भुकम्प प्रतिरोधि बनाउने नीति अवलम्वन गरिनेछ ।

१४४. वडा नं. ८ को वडा कार्यालय भवन निर्माण कार्यलाई अगाडि बढाइनेछ ।

## च. सिंचाई तथा ढल निकास

१४५. साना तथा आधुनिक (थोपा) सिंचाई प्रविधिलाई प्रवद्र्धन गर्दै लगिनेछ ।

१४६. उत्पादन र उत्पादकत्व बृद्धि गर्नको लागि आवश्यकता अनुसार खेतीयोग्य जमिनमा सिंचाईको व्यवस्था गर्दै लगिनेछ । सिंचाई आयोजनाहरु निर्माण गर्न संघीय र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

१४७. पानीको उचित व्यवस्थापन गर्नको लागि ढल निकासको व्यवस्थापन गर्दै लगिनेछ ।

## छ) युवा तथा खेलकुद पूर्वाधार

१४८. गाउँपालिकाका भित्रका खेलमैदानहरुलाई स्तरोन्नति गर्दै लगिनेछ ।

१४९. युवाहरुलाई खेलप्रति आर्कषित गर्दै व्यवसायिक खेलाडी उत्पादनमा जोड दिईनेछ ।

## इ.  वन, वातावरण तथा विपद् व्यवस्थापन पक्ष

१५०.  जलवायु परिवर्तन अनुकुलित सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५१.  गाउँपालिकाको उच्च भूभागमा रहेका प्राकृतिक लेक, खर्क खर्चरी, तातोपानी कुण्डको खोज, अध्ययन, अनुसन्धान, संरक्षण, सम्बद्र्धन गर्दै लाने नीति अवलम्वन गरिनेछ ।

१५२.  वन्यजन्तु संरक्षण, डढेलो नियन्त्रण, चोरी निकासी नियन्त्रण सम्वन्धी सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५३.  उत्पादन र उत्पादकत्व वृद्धि गर्नको लागि वनको कार्ययोजना अनुसार वनको गोडमेल, छटानी कटानी गर्न डिभिजन वन कार्यालयसँग आवश्यक समन्वय गरि अगाडि बढाईनेछ ।

१५४.  विपद्को समयमा सम्बन्धित निकायसँग समन्वय र सहकार्य गर्दै स्थानीय विपद् व्यवस्थापन कोषबाट जिन्सी, खाद्यान्न तथा आर्थिक सहायता उपलव्ध गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१५५.  नयाँ ट्र्याक खोलिएका र स्तरोन्नति हुदै गरेका सडकहरुलाई भू—क्षय, पहिरो, आदिबाट जोगाउनका लागि वृक्षारोपण र वायो इन्जिनियरिङ प्रविधिलाई प्रयोगमा ल्याउने व्यवस्था मिलाइनेछ ।

१५६.  गाउँपालिका स्तरीय स्थानीय विपद् व्यवस्थापन कोषलाई व्यवस्थित र प्रभावकारी बनाउदै लगिनेछ ।

१५७.  राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (ब्न्ब्ए) सँग समन्वय र सहकार्य गरी वन, वन्यजन्तु संरक्षण, चोरी निकासी, पैठारी नियन्त्रण गरी पर्या पर्यटन प्रवद्र्धनमा विशेष जोड दिइनेछ ।

१५८.  जोखिमयुक्त वस्ती एवं खेतीयोग्य जमीनको सुरक्षा गर्न तटबन्धको व्यवस्था गरिनेछ ।

## ई.  सुशासन, संस्थागत विकास तथा सेवा प्रवाह पक्ष

१५९.  स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली LGPAS) लाई कार्यान्वयन गर्दै संस्थागत सुशासन कायम गरिनेछ ।

१६०. एकिकृत कार्यालय व्यवस्थापन प्रणाली (Government Integrated Office Management System- GIMOS) मार्फत कागजी फाइल कम गर्न आन्तरिक दर्ता, चलानी र टिप्पणी आदेश कार्यलाई डिजिटल माध्यममा रुपान्तरण गर्दै लगिनेछ ।

१६१. सूचना प्रविधि, कृत्रिम बौद्धिकता (AI), साईवर सुरक्षा, सूचना प्रविधि निर्देशिकाको प्रयोग सम्वन्धी क्षमता विकास गर्न जनप्रतिनिधि एवम् राष्ट्रसेवक कर्मचारीहरुलाई तालिम संचालन गरिनेछ ।

१६२. गाउँपालिका वा अन्तर्गतका कार्यालयहरुमा रहेका सूचना प्रविधिका सामाग्रीहरु चटयाङ्, High Voltage लगायतका विपदबाट सुरक्षित राख्न Arrester, Earthing जस्ता उपायहरु क्रमशः लागु गर्दै लगिनेछ ।

१६३. गाउँपालिकाको सुशासन, विकास व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह झल्किने बृत्तचित्र/पार्श्वचित्र निर्माण गरी नागरिकहरुलाई सामाजिक सञ्जाल, वेबसाइट मार्फत सुसूचित गरिनेछ ।

१६४. सोलार प्यानल जडान गर्न बाँकी वडा कार्यालयहरुमा जडान गरी हरित उर्जाको प्रयोग गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।

१६५. प्रशासकिय भवनमा उच्च प्रविधियुक्त Interactive Smart Board जडान गरी थप प्रविधिमैत्री बनाइनेछ ।

१६६. गाउँपालिका अन्तर्गतका कार्यालयहरुमा वायोमेट्रिक ई–हाजिरी प्रणालीलाई निरन्तरता दिदै डिजिटल हस्ताक्षर (Digital Signature) लाई चरणवध्द कार्यान्वयन गर्दै लगिनेछ ।

१६७. कार्यालयलाई प्रविधिमैत्री बनाउन आवश्यक Software व्यवस्थापन गर्दै लगिनेछ ।

१६८. गाउँपालिकाको दोस्रो पञ्चवर्षिय आवधिक योजना तर्जुमा गरि कार्यान्वयनमा ल्याइनेछ ।

१६९. सार्वजनिक सम्पति व्यवस्थापन र जिन्सी व्यवस्थापन गर्न सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS) लाई अझ व्यवस्थित गर्दै लगिनेछ ।

१७०. करको दायरा विस्तार, कर सचेतना, कर प्रशासनमा सुधार एवं कर सहभागितामूलक कर अभिवृद्धि गरी आन्तरिक आय बृद्धि गरिनेछ ।

१७१. राजस्व परामर्श समितिको सिफारिशलाई तदारुकताका साथ परिपालन गरिनेछ ।

१७२. बजेटको अख्तियारी निकासा, (SuTRA), बेरुजु व्यवस्थापन (NAMS) तथा सार्वजनिक सम्पति व्यवस्थापन (PAMS) को अभिलेख व्यवस्थापन गर्न डिजिटल प्रणाली लागु गरी वित्तीय सुशासन कायम गरिनेछ ।

१७३. नतिजामुखी खर्च व्यवस्थापन, आर्थिक कारोवारमा पारदर्शिता, लेखा परिक्षण प्रतिवेदन सुझाव कार्यान्वयन मार्फत वित्तीय अनुशासन कायम गरिनेछ ।

१७४. न्यायिक समितीको कार्य सम्पादन प्रक्रियालाई चुस्त दुरुस्त बनाउनका लागि जनप्रतिनिधि, सूचिकृत मेलमिलाप कर्ता र आम सर्वसाधारणलाई न्यायिक, ज्ञान, सीप अभिवृद्धि सम्वन्धि कानूनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१७५. संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत पश्चात दरवन्दी तेरीज बमोजिमको कर्मचारी व्यवस्थापन गरिनेछ ।

१७६. निर्वाचित जनप्रतिनिधिहरु एवं कर्मचारीहरुको लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

१७७. सार्वजनिक प्रशासनलाई उत्तरदायी र जिम्मेवार बनाउन गाउँपालिकाको अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत विच, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु विच तथा शिक्षा, युवा तथा खेलकुद शाखा र सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु विच कार्य सम्पादन सम्झौता गरिनेछ ।

१७८. गाउँपालिकाको प्रशासकीय भवन तथा वडा कार्यालयहरुबाट चुस्त, दुरुस्त, छिटो, छरितो विश्वसनीय सेवा प्रवाह गर्नको लागि आवश्यक पर्ने श्रोत साधनहरुको व्यवस्थापन गर्दै लगिनेछ ।

१७९. राष्ट्रसेवक कर्मचारीहरुको तलव भत्ता संघीय सरकारको बजेट मार्फत गरेको बृद्धि बमोजिम यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुको समेत तलव भत्ता बृद्धि गरिनेछ । साथै कार्य सम्पादन प्रणाली (Performance Based Pay) मा आधारित प्रोत्साहन भत्ता उपलव्ध गराईनेछ ।

१८०. करार सेवामा कार्यरत कर्मचारीको मनोवल उच्च राख्न योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवध्द गर्दै लगिनेछ ।

१८१. निश्चित मापदण्डका आधारमा कर्मचारीहरुलाई उचित मुल्यांकन गरि पुरस्कृत एवं दण्डित गर्ने नीति अवलम्वन गरिनेछ ।

१८२.	गाउँपालिका भित्र संचालित विभिन्न किसिमको योजनाहरु/आयोजनाहरु, कार्यक्रमहरु, निर्णयहरु तथा अन्य गतिविधिका सूचनाहरु गाउँपलिकाको आधिकारिक वेबसाईड, फेसबुक पेज, क्व्होलासोथार बुलेटिन तथा अन्य विद्युतिय माध्यमबाट प्रकाशन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१८३.	गाउँपालिकाले प्रवाह गर्ने विभिन्न सेवा, सुविधा, एवं कार्यक्रमहरु र योजनाहरुको बारेमा गाउँपालिकावासी र सरोकारवालाहरुलाई सुसूचित गर्न र पृष्ठपोषण लिनका लागि चौमासिक रुपमा गर्दै आएको सार्वजनिक सुनुवाईको कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै गाउँपालिकाको सामाजिक परिक्षण (Social Audit) तथा लैगिक समनता तथा सामाजिक समावेशीकरण (GESI AUDIT) सम्पन्न गरिनेछ ।

१८४.	गाउँपालिका भित्र सञ्चालित विभिन्न आयोजना/योजना, कार्यक्रम, निर्णय तथा सूचनाहरु गाउँपालिकाको आधिकारिक वेभसाइड, क्वहोलासोथार बुलेटिन तथा अन्य विद्युतिय माध्यमबाट प्रकाशन गरिनेछ ।

१८५.	सार्वजनिक सेवा प्रवाहको सर्वेक्षणका लागि सेवाग्राही वर्हिगमन अभिमत संकलन (Exit Poll) लागु गरिनेछ ।

१८६.	व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता लाभग्राहीको विवरण प्रणालीमा प्रविष्टि गरि छिटो, छरितो, भरपर्दो एवं पारदर्शी सेवालाई निरन्तरता दिईनेछ ।

१८७.	प्रशासकीय भवन परिसरमा सिसि टिभि जडान गरी सार्वजनिक सम्पतिको सुरक्षा निगरानीलाई निरन्तरता दिईनेछ ।

१८८.	गाउँपालिकाको मुख्य मुख्य स्थानहरुमा अवैध कारोवार,चोरी निकासी, अपराध नियन्त्रण गर्न सिसिटिभी जडान गरी शान्ति सुरक्षा कायम गरिनेछ ।

१८९.	सेवा प्रवाहलाई सरल तथा सहज बनाउनको लागि नागरिक वडापत्र एकरुपतालाई निरन्तरता दिइनेछ ।

१९०.	वैज्ञानिक भू—उपयोग योजना कार्यान्वयन गरिनेछ ।

१९१.	गाउँपालिकाको कागजातको दुरुपयोग हुनबाट रोक्न आवश्यक प्रविधिको प्रयोग गर्दै लगिनेछ ।

१९२.	नागरिकहरुलाई प्रदान गरिने सेवालाई छिटो, छरितो, सरल, सुलभ र गुणस्तरीय बनाई नागरिकको जीवनस्तरमा सुधार ल्याउन आवश्यकता अनुसार ऐन कानुन निर्माण गर्दै लगिनेछ ।

१९३.	साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन

१९४.	गाउँपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय महत्वका गन्तव्यहरुको प्रचारप्रसार गरिनेछ ।

सम्मानित सभाका सदस्यहरु,

गाउँपालिकाको समुन्नति, सुशासन, दिगो विकासको प्राप्ति केवल स्थानीय तहको एकल प्रयासबाट मात्रै सम्भव छैन । यसका लागि सवै पक्षको साझा प्रयास र प्रयत्न अपरिहार्य रहन जान्छ । गाउँपालिकावासीको चाहना वमोजिम विकास कार्य अगाडि बढाउन आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमले मद्दत गर्ने विश्वास लिदै गाउँपालिकाको समग्र विकास, समृद्धि र सुशासनको यात्रामा महत्वपूर्ण योगदान पु¥याउनुहुने नेपाल सरकार, प्रदेश सरकार, जनप्रतिनिधि, गाउँसभाका सदस्यहरु, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, गैर सरकारी संघ संस्था, विकास साझेदार, सञ्चार जगत, नागरिक समाज, उद्योगी व्यवसायी, किसान, श्रमिक वर्ग, युवा क्लव, आमा समूह, बाबा समूह एवं देश विदेशमा रहनुहुने सम्पूर्ण गाउँपालिकावासी दिदीवहिनी तथा दाजुभाइप्रति हार्दिक आभार प्रकट गर्दै यस नीति तथा कार्यक्रम कार्यान्वयनको चरणमा यहाँहरु सवैको सदैव साथ र सहयोगको अपेक्षा गर्दछु ।

यस सम्मानित गाउँसभा समक्ष पेश गरिएका नीति तथा योजना, कार्यक्रमहरुको कार्यान्वयनमा विशेष जोड दिदै "समुन्नत र समृद्ध क्व्होलासोथार गाउँपालिका" निर्माण गर्ने महान अभियानमा सम्वद्ध सबै पक्षले आ—आफ्नो स्थानबाट उल्लेखनीय भूमिका निर्वाह गर्नु नै हुनेछ भन्ने पूर्ण रुपमा विश्वास लिएको छु ।

धन्यवाद ।

सूर्यप्रसाद गुरूङ

सभाध्यक्ष

क्व्होलासोथार गाउँपालिका

मालिङ, लमजुङ ।

सम्वत् २०८३ असार १० गते, बुधबार

नेपाल सम्वत् ११४६ तछलाथ्व दशमी, बुधबार ।